
रजत वर्ष
अर्वुद रोग निवारण संस्था
जिल्ला सभा


रजत वर्ष
नेपाल अर्बुद रोग निवारण संस्था
सत्रौ जिल्ला
EVEREST

# नेपाल अर्वुद रोग निवारण संस्था, काभ्रे शाखा
# प्रतिवेदन
# २०७१

नेपाल अर्वुद रोग निवारण संस्था,काभ्रे शाखाले स्थापना काल देखि नै क्यान्सर रोग सम्वन्धी जनचेतना कार्यक्रम लगायत अन्य सामाजिक क्रियाकलाप गर्दै अगाडी बढीरहेको व्यहोरा अवगत गराउन चाहन्छु । यस शाखाका कार्य समिति लगायत सम्पूर्ण सदस्यहस्को सहयोग,वनेपा न.पा., NNCTR, NACCF, सरकारी तथा गैर सरकारी संस्थाको विशेष सहयोगवाट यस वर्ष उपलब्धिमुलक कार्यहरु गर्दै समाजमा क्यान्सरवारे जनचेतना जगाउनुका साथै यस शाखालाई दिगो रुपमा स्थायीत्व दिन आफनै निजी भवन निर्माण गर्न सफल भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

## १७ औं जिल्ला सभा तथा रजत वर्ष उद्घाटन कार्यक्रम

मिति २०७० साल पुस ५ गते काभ्रे शाखाको १७ औं जिल्ला सभा तथा रजत वर्ष उद्घाटन कार्यक्रम शाखा भवनमा सम्पन्न भयो । अध्यक्ष डा.सुरेन्द्र वहादुर वादे श्रेष्ठको अध्यक्षतामा भएको उक्त जिल्ला सभाको उद्घाटन कार्यक्रममा स्वागत मन्तव्य सदस्य हर्ष नारायण कर्माचार्यले दिनु भएको थियो । सो जिल्ला सभामा सचिव कृष्ण प्यारी नकर्मीले प्रगति प्रतिवेदन र कोषाध्यक्ष कृष्ण गोपाल तौजले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभ एको थियो । अध्यक्ष तथा उपाध्यक्ष द्धयवाट संयुक्त रुपमा केक काटेर रजत वर्ष कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । उक्त कार्यक्रममा  विजयराम कर्माचार्यज्यूले शाखाले विगत देखि वर्तमान अवस्था सम्म गरेका गतिविधि साथै आफ्ना अनुभव वारेमा मन्तव्य व्यक्त गर्नु भएको थियो । सो कायेक्रममा उपाध्यक्ष गोपाल सिंह मुस्याजू , नेपाल सुधार भैल लगायतले क्यान्सर रोग नियन्त्रण र रोगथामको लागि शाखाले गरेका भूमिका र आफ्ना अनुभवहरु साथै शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । अतिथि हृदय रोग प्रतिष्ठान काभ्रे शाखाका सचिव र केन्द्रिय सदस्य विमललाल सिकु श्रेष्ठज्यूले शुभकामना साथै नसर्ने रोग बारे एकीकृत रुपमा समन्वय गरी कार्यक्रम संचालन गर्न सकेमा नसर्ने रोगको रोकथाममा प्रभावकारीता आउने मन्तव्य व्यक्त गर्नु भएको थियो ।

### केन्द्रिय सभामा सहभागिता

२०७० पुसमा शाखाको आतिथ्यमा भएको केन्दिय सभामा यस संस्थावाट , सह सचिब राधा प्यारी नकर्मी, कोषाध्यक्ष कृष्ण गोपाल तौजले सदस्यहरु सुर्य भक्त श्रेष्ठ, हर्ष नारायण कमाचार्य र कृष्ण गोपाल मानन्धरको सहभागिता रहेको थियो ।

## क्यान्सर अभिमुखीकरण कार्यक्रम :

१) २०७१ बैशाक ७ गते आइतबार NACCF र NCRS को संयुक्त आयोजनामा मेथिनकोट, भकुण्डे स्थित विमा भवनको सभा कक्षमा क्यान्सर सम्बन्धी समुदायस्तरीय अभिमुखकरण कार्यक्रम सफलतापूर्वक संचालन गरियो । उक्त कार्यक्रममा सम्पूर्ण सहभागीहरुलाई मेथिनकोट गा.वि.स. सचिव श्री गायत्रीरमण घिमिरेज्यूबाट स्वागतका साथ कार्यक्रम संचालन भएको जानकारी गर्नु भयो । NACCF का कार्यक्रम अधिकृत श्री राधाप्यारी नकर्मीज्युबाट पाठेघर तथा स्तन क्यान्सर बारे विषयगत जनचेतना शिक्षा रोकथामको बारेमा जानकारी गराइयो । साथै पाठेघर को मुखको क्यान्सरको रोकथामको मुख्य उपायहरुका किशोरी अवस्थामा पाठेघर क्यान्सर विरुद्ध खोप लगाउने, ३० देखि ६० उमेर समूहका विवाहित महिलाहरुले नियमित पाठेघर परीक्षण ,क्यान्सर कारक तत्वहरुबाट अलग रहने,जीवन शैलीमा ध्यान दिने क्यान्सर शिक्षामा ध्यान दिने र सोहि अनुकुल रहने । उक्त कार्यक्रममा मेथिन गा.वि.सका ९ वडा १२३ जना महिलाहरु सहभागी भएका थिए ।

२) २०७१ श्रावण २१ गते बनेपा वडा नं. ७ मा महिला समूहलाई NACCF का कार्यक्रम अधिकृत श्री राधाप्यारी नकर्मीज्युबाट क्यान्सर बारे अभिमुखीकरण कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा ७८ जना महिलाहरुको सहभागिता रहेको थियो ।

## विश्व धुम्रपान रहित कार्यक्रम

## धुम्रपान –याली

२०७१ साल जेठ १७ गते नेपाल अर्वुद रोग निवारण संस्था काभ्रे शाखा , सिफ नेपाल र जिल्ला जनस्वास्थ्य कार्यालय धुलिखेलको संयुक्त आयोजनामा काभ्रे जिल्लाको बल्थली गा.वि.समा धुम्रपान विरुद्ध विभिन्न नाराका साथ पूरा गा.वि.स परिक्रमा गरी भव्यताका साथ वृहत धुम्रपान रहित–र्याली कार्यक्रम गरियो । उक्त र्यालीमा विभिन्न विद्यालयका शिक्षकहरु ,विद्यार्थीहरु, संघ सस्थाका प्रतिनिधिहरु ,समाजसेवी तथा गन्यमान्य व्यक्तिहरु लगायत २५० भन्दा वढी व्यक्तिहरु सहभागीहरु भएका थिए । सो र्यालीमा त्यस क्षेत्रका कमला देवी जनप्रिय मा.वि., लटकेश्वरी नि.मा.वि. र लटकेश्वरी प्रा.वि. तथा अन्य स्कूलका विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

र्याली पश्चात -याली कार्यक्रम औपचारिक आमसभामा कार्यक्रममा संचालन गरियो । उक्त सभामा विभिन्न बक्ताहरुवाट धुम्रपानबाट हुने मानवीय क्षती,विभिन्न खतरनाक रोगहरु निम्त्याउने बारेमा सचेत गराउने र क्यान्सर जस्तो प्राणघाट रोगबाट बच्ने र रोकथाममा ध्यान दिनु पर्ने विषयमा मन्तव्य व्यक्त गरिएको थियो । साथै अर्बुद रोग निवारण संस्था केन्द्रिय कार्यालयवाट उपलब्ध गराएको पम्पलेट पोस्टहरु वितरण गरी प्रभाकारी र सफलताका साथ कार्यक्रम सम्पन्न गरिएको थियो ।

## कार्यालय व्यवस्थापन

NCRS काभ्रे शाखाको कार्यालय व्यवस्थापन र नियमित कार्यक्रम संचालनका लागि NNCTR /INCTR Nepal र NACCF को समन्वयमा सहकार्य भैरहेको छ ।

संस्थाको कोष वृद्धिका लागि संस्थाको भवनको अगाडीको सटरमा वहालमा लगायतको र सो वहालवाट प्राप्त रकम भवनको बांकी निर्माण कार्यमा सहयोग भएको छ ।

भवन कार्यालयलाई प्रभावकारी व्यवस्थित तथा निरन्तर सुचारुको लागि डा.सुरेन्द्र वहादुर वादे श्रेष्ठ, गोपाल सिंह मुस्याजू र राधाप्यारी नकर्मी रहने गरी संरक्षण समिति गठन गरिएको छ ।

समन्वय र सहकार्य कार्यक्रमहरु :

## पाठेघर क्यान्सर विरुद्ध खोप कार्यक्रम

क) यस वर्ष ७,९०८ जनालाई पाठेघर क्यान्सर विरुद्ध निशुल्क खोप लगाइएको थियो । धेरै वालिकाहरु यस खोपवाट लाभान्वित भएको छ ।

ख) ६,००० भन्दा बढी महिलाहरुलाई पाठेघर तथा स्तन क्यान्सरको प्रारम्भिक परीक्षण गरिएको थियो । उक्त कार्यक्रममा यस शाखा समन्वय संस्थाको रुपमा रही सहयोग पु-याएको थियो ।

**स्वास्थ्य अधिकार तथा सुर्तिजन्य बस्तु नियन्त्रण जिल्ला संजालसँग समन्वयमा भएको कार्यक्रम :**

नियमित रुपमा जिल्ला संजालको वैठकमा सहभागीता हुन्दै आएको छ ।

उपलव्धी :

- क्यान्सर शिक्षा वारे जनमानसमा जनचेतना हुनु ।
- NACCF को समन्वयवाट पाठेघरमुखको प्रारम्भिक परिक्षण वाट महिलाहरु तथा पाठेघर क्यान्सर विरुद्धको खोपबाट ११ देखि १३ बर्षका किशारीहरु लाभान्वित हुनु ।
- जिल्ला संजालसँग समन्वय

**भावी कार्यक्रम :**

- भवन निर्माण कार्य निरन्तरता
- आर्थिक संकलन
- क्यान्सर शिक्षा कार्यक्रम तथा जनचेतना कार्यक्रम
- कार्यालय व्यवस्थापन
- NNCTR, NACCF लगायत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासंग यस शाखाको संयुक्त कार्यक्रम संचालन
- धुम्रपान रहित दिवस कार्यक्रम
- सदस्यता वृद्धि

अन्त्यमा,

यस शाखाको विस्तारमा क्यान्सर रोग निवारणको लागि सहयोग गन हुने, वनेपा न.पा ,आर्थिक भौतिक र प्राविधिक सहयोग गर्नु हुने NNCTR परिवार , NACCF ,वनेपा न.पा. NCRS केन्द्रिय कार्याल) लाई विशेष धन्यवादका साथ कार्यक्रमको लागि सहयोग गर्नु हुने विभिन्न संघ सस्थाहरुलाई धन्यवाद दिदै भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद

**(कृष्ण प्यारी नकर्मी )**
**सचिव**
**नेपाल अर्वुद रोग निवारण संस्था काभ्रे शाखा**